नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
# शिक्षा विभाग
सानोठिमी, भक्तपुर
समावेशी शिक्षा शाखा
फोन नं: ०१-६६३८८५३
Email-inclusivedoe@gmail.com/ies@cehrd.gov.np

प.सं.: २०८३/०८४
च.नं.: 92

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
सानोठिमी, भक्तपुर

मिति:२०८३।०५।१७

**विषयः समन्वय एवम् सहजीकरण सम्बन्धमा।**

श्री शिक्षा विकास तथा समन्वय एकाइ,
सबै ।

प्रस्तुत विषयमा, शिक्षा तथा खेलकुद मन्त्रालयको च.नं. ९९, मिति २०८३।५।१७ गतेको पत्रानुसार मानव वेचविखन विरुद्धको वीसौं राष्ट्रिय दिवस मनाउन ताहाँ जिल्लाभित्र रहेका विद्यालयलाई पत्राचार गरी समन्वय एवम् सहजीकरण गरिदिनु हुन विभागको मिति २०८३।५।१७ गतेको निर्णयानुसार अनुरोध छ। साथै महिला, बालवालिका, लैङ्गिक तथा अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय र शिक्षा तथा खेलकुद मन्त्रालयवाट प्राप्त पत्र यसैसाथ संलग्न गरी पठाइएको बेहोरा अनुरोध छ।

..................
धर्म प्रसाद तिवारी
निर्देशक

नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

पत्र संख्याः- ०८३।८४
चलानी नं.:- ९९

सिंहदरबार,
काठमाडौं, नेपाल ।

विद्यालय शिक्षा शाखा
शिक्षा तथा खेलकुद मन्त्रालय
सिंहदरबार, काठमाडौं

मितिः २०८३।०५।१६
ने.स. ११४६

शिक्षा विभाग
दर्ताः ६९६
मितिः ०८३।५।१६

विषयः परिपत्र गर्ने सम्बन्धमा ।

श्री शिक्षा विभाग,
सानोठिमी, भक्तपुर ।

प्रस्तुत विषयमा महिला ,बालबालिका ,लैङगिक तथा यौनिक अल्पसंख्यक मन्त्रालयद्धारा मानव बेचविखन विरुद्धको बीसौं राष्ट्रिय दिवस मनाउन सहयोग,समन्वय तथा सहजीकरण सम्बन्धी यस मन्त्रालयमा प्राप्त पत्र यसैसाथ संलग्न छ । बेहोरा पत्रबाट अवगत भई सबै शिक्षा विकास तथा समन्वय एकाइ मार्फत विद्यालयहरुलाई सो सम्बन्धमा परिपत्र गरिदिनुहुन निर्देशानुसार अनुरोध छ ।

श्री योजना तथा अनुगमन महाशाखा
२०८३।५।१६

श्री शमावेशी शिक्षा शाखा
परिपत्रका लागि आवश्यक
५।१९

.........३।०५।१६
रमाकान्त अर्याल
शाखा अधिकृत

फोन नं.:
वेबसाइट : www.moest.gov.np

नेपाल सरकार

# महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रा

सिंहदरबार, काठमाडौं

(मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण शाखा)

प.स: ०८३।८४
च.नं.- माबेनि। २१

फोन नं: ०१.४२००२

मिति: २०८३।०५।०
नेपाल संवत: ११४

श्री शिक्षा तथा खेलकुद मन्त्रालय,
सिंहदरबार।

विषय: <u>मानव बेचबिखन विरुद्धको बीसौं राष्ट्रिय दिवस मनाउने सम्बन्धमा।</u>

सन् २००२ मा काठमाण्डौमा सम्पन्न दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क) को ११औं शिखर सम्मेलनबाट पारित महिला तथा बालबालिका बेचबिखन विरुद्धको सार्क महासन्धी २००२ लाई वि.सं.२०६३ भाद्र २० गते तत्कालिन व्यवस्थापिका संसदबाट अनुमोदन गरेको दिनलाई स्मरण गर्दै नेपाल सरकारले हरेक बर्ष भाद्र २० गतेलाई मानव बेचबिखन विरुद्धको राष्ट्रिय दिवस मनाउदै आएको छ। यस बर्ष "प्रविधिको सही प्रयोग र सजगता: मानव बेचबिखन रहित राष्ट्र निर्माणमा ऐक्यबद्धता" भन्ने राष्ट्रिय नाराका साथ मानव बेचबिखन तथा ओसारपसार विरुद्धको बीसौं राष्ट्रिय दिवस २०८३ भाद्र २० गते मनाउन गइरहेको छ। उक्त दिवस कार्यक्रमलाई सफल बनाउन रचनात्मक, सृजनात्मक तथा सन्देशमूलक कार्यक्रम आयोजना गरी सामाजिक सचेतना अभिवृद्धि गर्ने उद्देश्यले साझा अभियानका रुपमा भव्य, सभ्य र व्यवस्थित रुपमा मनाउन ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय इकाइ मार्फत सबै विद्यालयहरुमा अनिवार्य रुपमा दिवस मनाउन परिपत्र गर्ने व्यवस्थाका लागि आवश्यक सहयोग, समन्वय र सहजीकरण गरिदिनु हुन मा. मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८३।०४।२९ गते बसेको मूल समारोह समितिको बैठकको निर्णयानुसार अनुरोध छ ।

श्री विद्यालय शिक्षा

०८-१८

(पुष्पादेवी राई)
शाखा अधिकृत

Website: www.mowcsc.gov.np, email: info@mowcsc.gov.np